फोन नं : ४२५५७९६
४२६२२६८

पचली, टेकु,
काठमाण्डौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा
टेकु, काठमाण्डौं

पत्र संख्या : ०७४/०७५
च.नं. ९१८

मितिः २०७५।०१।०७

श्री क्षेत्रीय/उप क्षेत्रीय/अञ्चल/जिल्ला/सामुदायिक अस्पताल,
सवै ।
श्री जिल्ला जनस्वास्थ्य/स्वास्थ्य कार्यालय,
सवै ।
प्राथमिक स्वास्थ्य केन्द्र,
ARV सेवा दिने सबै ।
श्री शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल,टेकु,काठमाण्डौ ।

**बिषय : एन्टी रेबिज भ्याक्सिनको व्यवस्था सम्बन्धमा ।**

उपरोक्त बिषयमा आ.व. २०७४।०७५ को बार्षिक कार्यक्रम अनुसार यस महाशाखाबाट एन्टी रेबिज भ्याक्सिन बोलपत्र खरिद प्रकृया अगाडी बढी सकेको, सो को आपूर्ति हुन समय लाग्ने भएको र हाल एन्टी रेबिज भ्याक्सिन न्युन Stock रहेको कारण अभाव हुन नदिन विशेष परिस्थितिमा तत्काल व्यवस्था गर्ने सम्बन्धमा मिति २०७४।१२।२८ मा श्रीमान् सचिवज्यूको संयोजकत्वमा बसेको वैठकमा **खरिद प्रकृयामा रहेको एन्टी रेबिज भ्याक्सिनको अभाव हुन नदिन अर्को व्यवस्था नभए सम्म प्रचलित सार्वजनिक खरिद ऐन/नियमावलीको परिधि भित्र रही सरोकारवाला स्वास्थ्य संस्थाले सो खरिद गरी सेवाको निरन्तरताको सुनिश्चितता गर्ने र सो खरिद रकम स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले स्वास्थ्य संस्थाहरुलाई सोधभर्ना दिने** भनी निर्णय भएकोले निम्न प्रकृया र विवरण बमोजिम एन्टी रेविज भ्याक्सिन खरिद गरी एन्टी रेबिज भ्याक्सिन सेवालाई निरन्तरता दिनु हुन आदेशानुसार अनुरोध छ ।

**तपशिल**

१. प्रचलित सार्वजनिक खरिद ऐन/नियमावली अनुसारको प्रकृया पुरा गरी खरिद गर्नु हुन ।
२. विरामीको संख्या र चापको आधारमा आवश्यकता पहिचान गरी न्युनतम मूल्यमा बढिमा १ (एक) महिनालाई आवश्यक पर्ने मात्र खरिद गर्नु हुन ।
३. रकम सोधभर्नाको लागि खरिद गर्ने निर्णय र प्रकृयासँग सम्बन्धित आवश्यक कागजात सहित विल भरपाई पेश गर्नु हुन ।
४.विरामीको उमेर, बर्ष, लिङ्ग र अन्य आवश्यक विवरण सहितको नामावली समेत विल भरपाईको सोधभर्नाको लागि पेश गर्नु हुन ।
५. सोधभर्नाको लागि आवश्यक ठानिएका अन्य विवरण यस महाशाखाले माग गर्न सक्नेछ ।

**बोधार्थ:**

श्रीमान् सचिव ज्यू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, काठमाण्डौ ।
श्रीमान् महानिर्देशक ज्यू, स्वास्थ्य सेवा विभाग, टेकु, काठमाण्डौ ।
श्री स्वास्थ्य सेवा विभाग, आर्थिक प्रशासन शाखा, टेकु - मिति २०७४।१२।२८ मा श्रीमान् सचिव ज्यूको संयोजकत्वमा बसेको बैठकको निर्णयको प्रतिलिपि यसैसाथ संलग्न छ ।

.............................
डा. विवेक कुमार लाल
( ब.स्वा.प्र. )